# नेपाल सरकार र गणतन्त्र भारत सरकार बीच सम्पन्न दीर्घकालीन विद्युत व्यापार सम्बन्धी सम्झौता

# “Agreement between the Government of Nepal and the Government of the Republic of India on Long-Term Power Trade”

नेपाल सरकार

**ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय**

सिंहदरबार, काठमाडौं, नेपाल।

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
२०७४

**नेपाल सरकार**

**ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय**

**विषय : नेपाल सरकार र गणतन्त्र भारत सरकार बीच सम्पन्न दीर्घकालीन विद्युत व्यापार सम्बन्धी सम्झौता "Agreement between the Government of Nepal and the Government of the Republic of India on Long-Term Power Trade" लाई जानकारीका लागि पेश गरिएको सम्बन्धमा।**

१. विषयको संक्षिप्त व्यहोरा :

यस सम्झौताको मुख्य उद्देश्य स्वच्छ, हरियो र दिगो ऊर्जाको स्रोतको रूपमा रहेको जलविद्युतको व्यापार मार्फत नेपाल र भारत दुवैलाई पारस्परिक लाभ पुऱ्याउनु रहेको छ। विशेष गरी आगामी १० वर्षको अवधिभित्र नेपालबाट भारततर्फ १०,००० मेगावाट विद्युत निर्यात गर्ने लक्ष्य राखिएको छ। यो एउटा अन्तर-सरकारी (Inter-governmental) सम्झौता हो जसले दुई देशबीचको विद्युत व्यापार, अन्तर्देशीय प्रसारण लाइन निर्माण र ग्रिड कनेक्टिभिटीका लागि उच्च-स्तरीय नीतिगत र कानूनी अधार प्रदान गर्दछ। हाल नेपालको विद्युत उत्पादन क्षमता करिब ४,२०० मेगावाट पुगेको छ भने करिव १२,१०० मेगावाट क्षमताका आयोजनाहरूसँग विद्युत खरिद-बिक्री सम्झौता (PPA) सम्पन्न गरी निर्माणको विभिन्न चरणमा रहेको छ। अध्ययन सम्पन्न भएका थप १६,४०० मेगावाट क्षमताका आयोजनाहरू विद्युत खरिद सम्झौता (PPA) को पर्खाइमा छन्। यी आयोजनाहरूको लगानी सुरक्षा र उत्पादित विद्युतको बजार सुनिश्चितताका लागि भारतसँग दीर्घकालीन व्यापारिक व्यवस्था हुन अनिवार्य देखिएको हो। साथै निवेदक सूर्यनाथ उपाध्याय प्रत्यर्थी यस ऊर्जा जलस्रोत तथा सिंचाइ मन्त्रालय भएको रिट नं. ०८०-WF-००४५ को आदेश मिति २०८३/३/१७ मा यस मन्त्रालयमा प्राप्त भई जानकारी प्राप्त भएको। सम्मानित सर्वोच्च अदालतबाट मिति २०८१/७/२० गते भएको आदेशमा नेपाल सन्धि ऐनको दफा १० बमोजिम तीस दिनभित्र संसदका दुबै सदनमा पठाउनु र नेपाल सन्धि ऐन, २०४७ को दफा १२ बमोजिम प्रस्तुत सम्झौता नेपाल राजपत्रमा प्रकाशन गर्नु भन्ने निर्देशनात्मक आदेश प्राप्त भएको छ। साथै नेपाल सन्धि ऐन, २०४७ को दफा १० मा सो ऐनको दफा ६ बमोजिम नेपाल सरकारले स्वीकार गरेका सन्धिहरूको सूचना प्रतिनिधि सभाको वैठक बसेको एक महिनाभित्र जानकारीको लागि प्रतिनिधि सभामा पेश गर्नु पर्ने तथा सोही ऐनको दफा १२ मा नेपाल वा नेपाल सरकार पक्ष भएका सन्धिहरू मध्ये नेपाल सरकारले उचित ठहराएका सन्धिहरूको प्रमाणित प्रति नेपाल राजपत्रमा प्रकाशित गरिने व्यबस्था रहेको हुँदा उक्त व्यवस्थाअनुसार सम्झौतालाई प्रतिनिधि सभामा पेश गर्न आवश्यक रहेको।

२. सम्झौताका मुख्य मुख्य व्यवस्थाहरू :

(क) अवधिः यो सम्झौता हस्ताक्षर भएको जनवरी ४, २०२४ बाट लागू भई २५ वर्षसम्म कायम रहने र त्यसपछि हरेक १० वर्षमा स्वतः नवीकरण हुने प्रावधान रहेको छ।

(ख) विद्युत निर्यात लक्ष्यः १० वर्षभित्र १०,००० मेगावाट विद्युत निर्यात गर्ने लक्ष्य रहेको छ।

(ग) सहकार्यका क्षेत्रहरूः जलविद्युत आयोजनाहरूको संयुक्त विकास, अन्तरदेशीय प्रसारण पूर्वाधारको विस्तार र आपसी लाभका आधारमा द्विपक्षीय विद्युत व्यापार गर्ने व्यवस्था रहेको।

मा. विराज भक्त श्रेष्ठ
मन्त्री

(घ) **कार्यान्वयन निकायः** प्रत्येक पक्षले विद्युत आयात/निर्यातका लागि एक वा सोभन्दा बढी निकायहरू तोक्न सक्ने प्रावधान रहेको छ ।

(ङ) **विद्युत खरिद-बिक्रीः** सम्बन्धित निकायहरूले विद्युत खरिद-बिक्री (PPA) गर्न सक्नेछन् र यसको महसुल प्रचलित नियामक संरचना अनुरूप तय हुने व्यवस्था रहेको छ।

३. सम्झौताबाट हुने राष्ट्रिय हित र त्यसबाट निर्वाह गर्नुपर्ने दायित्व :

नेपालको जलविद्युत क्षेत्रमा थप लगानी प्रोत्साहित हुने, आन्तरिक खपत भई बचत हुने, विद्युत निर्यात गरिने र व्यापार घाटा न्यूनीकरणमा सहयोग पुग्नेछ । यसले नेपालको जलस्रोतको अधिकतम उपयोग गरी आर्थिक संवृद्धि हासिल गर्न सघाउ पुग्नेछ। साथै प्रस्तावित उच्च क्षमतामा अन्तर्देशिय प्रसारण संरचना विकासका लागि ठूलो लगानी जुटाउनु पर्ने हुन्छ।

निर्वाह गर्नुपर्ने दायित्व :

(क) दुई देशबीच सञ्चालित र प्रस्तावित अन्तर्देशीय प्रसारण लाइनहरूको अधिकतम उपयोग सुनिश्चित गर्ने।

(ख) विद्युत आयात र निर्यातसँग सम्बन्धित प्रचलित कानून, नियम र कार्यविधिहरूको पालना गर्ने।

(ग) ऊर्जा गणना (accounting) तालिका निर्धारण र शुल्कहरू प्रचलित नियामक प्रावधान बमोजिम गर्ने।

४. पक्ष राष्ट्रहरू :

प्रस्तुत द्विपक्षीय सम्झौतामा नेपाल र गणतन्त्र भारत पक्ष राष्ट्र रहेका छन्।

५. प्रस्ताव :

नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८०/२/१४ को निर्णयानुसार नेपाल सन्धि ऐन, २०४७ को दफा ६ बमोजिम नेपाल सरकार र गणतन्त्र भारतबीच सम्पन्न भएको "दीर्घकालिन विद्युत व्यापार सम्बन्धी सम्झौता (Agreement between the Government of Nepal and the Government of the Republic of India on Long-Term Power Trade) ४ जनवरी २०२४ मा हस्ताक्षर गरिएको सूचना सम्मानित सर्वोच्च अदालतको आदेश एवम् नेपाल सन्धि ऐन, २०४७ को दफा १० बमोजिम जानकारीका लागि प्रतिनिधि सभा समक्ष पेश गरेको छु।

(विराज भक्त श्रेष्ठ)
मन्त्री
ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्राल

मा. विराज भक्त श्रेष्ठ
मन्त्री

नेपाली/ अंग्रेजी अनुवाद
चलानी नम्बर ३४
चलानी मिति २०८३।०४।१५

# नेपाल सरकार

# र

# गणतन्त्र भारत सरकार

# बीच

# दीर्घकालीन विद्युत व्यापार सम्बन्धी

# सम्झौता

नेपाल सरकार र गणतन्त्र भारत सरकार (यसपछि छुट्टाछुट्टै रूपमा "पक्ष" र सामूहिक रूपमा "पक्षहरू" भनिने);

स्वच्छ, हरित र दिगो ऊर्जाको स्रोतको रूपमा रहेको जलविद्युतको व्यापारबाट दुवै देशलाई हुने आपसी लाभलाई आत्मसात् गर्दै;

२१ अक्टोबर २०१४ मा पक्षहरूबीच सम्पन्न भएको विद्युत व्यापार, अन्तरदेशीय प्रसारण लाइन अन्तरआबद्धता र ग्रीड कनेक्टिभिटी सम्बन्धी सम्झौतालाई स्मरण गर्दै, जसले दुवै देशका सरकारी, सार्वजनिक र निजी संस्थाहरू मार्फत आपसी स्वीकार्य शर्तहरूमा प्रसारण अन्तरआबद्धता, ग्रीड कनेक्टिभिटी विकास गर्ने, विद्युत आदानप्रदान र व्यापार लगायतका ऊर्जा क्षेत्रमा सहयोग पुऱ्याउन सक्षम बनाउँछ;

विद्युतको सीमापार आयात र निर्यातसँग सम्बन्धित दुई देशका प्रचलित कानून, कार्यविधि र निर्देशिकाहरूलाई मान्यता दिँदै;

नेपालबाट भारततर्फ विद्युत पठाउनका लागि अन्तर-सरकारी सम्झौता गर्ने नेपालको प्रस्तावका सम्बन्धमा १७-१८ फेब्रुअरी २०२३ मा भारतमा सम्पन्न ऊर्जा क्षेत्रमा नेपाल-भारत सहयोग सम्बन्धी

नेपाल सरकार कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय कानून किताब व्यवस्था समिति बबरमहल, काठमाडौं
नेपाल सरकार
कानून, न्याय, तथा
संसदीय मामिला मन्त्रालय
कानून किताब व्यवस्था समिति
देवेन्द्र बहादुर शाह
सैक्श अधिकृत
मा. विराज भक्त श्रेष्ठ
मन्त्री

संयुक्त निर्देशक समिति/संयुक्त कार्यदलको दशौं बैठकमा भएका सकारात्मक छलफलहरूको सराहना गर्दै;

संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तन सम्बन्धी रुपरेखा महासन्धि अन्तर्गतको पेरिस सम्झौता अनुरूप ग्लासगोमा सम्पन्न कोप २६ संयुक्त राष्ट्रसंघीय जलवायु परिवर्तन सम्मेलनका क्रममा दुवै देशले व्यक्त गरेको खुद शून्य उत्सर्जनको प्रतिबद्धतालाई पुनर्जीवित गर्दै;

तथा २ अप्रिल २०२२ मा भारत र नेपालका प्रधानमन्त्रीहरूद्वारा जारी गरिएको ऊर्जा क्षेत्र सहयोग सम्बन्धी संयुक्त दृष्टिकोण वक्तव्यलाई स्मरण गर्दै, जसले दुई देशको आकांक्षालाई जोड दिन्छः ऊर्जा क्षेत्रमा पारस्परिक रूपमा लाभदायक द्विपक्षीय सहयोगलाई थप सुदृढ बनाउन जसमा (क) नेपालमा विद्युत उत्पादन आयोजनाहरूको संयुक्त विकास, (ख) सीमापार प्रसारण पूर्वाधारको विकास, (ग) आपसी लाभ, बजारको माग र प्रत्येक देशको लागू हुने आन्तरिक नियमहरूको आधारमा दुवै देशका विद्युत बजारहरूमा उपयुक्त पहुँच सहितको द्वि-दिशात्मक विद्युत व्यापार, (घ) राष्ट्रिय ग्रीडहरूको समन्वयात्मक सञ्चालन र (ङ) पछिल्लो परिचालन सूचना, प्रविधि र ज्ञान बाँडफाँडमा संस्थागत सहयोग;

देहाय बमोजिम सहमत भएका छन्:

१. पक्षहरूले निम्न कार्यहरू गर्नेछन्:

(क) नेपाल र भारतबीच विद्युतको दीर्घकालीन व्यापारका लागि पारस्परिक रूपमा लाभदायक प्रबन्धहरूलाई प्रोत्साहन गर्न आवश्यक कदमहरू चाल्ने।

(ख) दुई देशबीच सञ्चालनमा रहेका, निर्माणाधिन अवस्थामा रहेका र प्रस्तावित अन्तरदेशीय प्रसारण लाइनहरूको अधिकतम उपयोग सुनिश्चित हुने गरी प्रबन्धहरू मिलाएर क्षेत्रीय सीमापार विद्युत व्यापारलाई थप प्रवर्द्धन गर्ने।

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
कानून किताब व्यवस्था समिति
बबरमहल, काठमाडौं



नेपाल सरकार
कानून, न्याय, तथा
संसदीय मामिला मन्त्रालय
कानून किताब व्यवस्था समिति
देवेन्द्र बहादुर शाह
लेखा अधिकृत

मा. विराज भक्त श्रेष्ठ
मन्त्री

(ग) नेपालको नवीकरणीय ऊर्जा क्षेत्र, विशेष गरी जलविद्युत क्षेत्रका सबै खण्डहरूमा भारतीय र नेपाली लगानीलाई प्रोत्साहन गर्ने।

(घ) दुई देशबीचको सीमापार अन्तरआबद्धताको विकासलाई तीव्रता दिने।

यस सम्झौताको कार्यान्वयनमा दुवै पक्षले विद्युतको सीमापार व्यापारसँग सम्बन्धित आ-आफ्नो प्रचलित कानून, नियम र कार्यविधिहरूको पालना गर्नेछन्।

२. प्रत्येक पक्षले यस सम्झौता अन्तर्गत दुई देशबीच विद्युत आयात/निर्यातका लागि सम्बन्धित सरकारहरूको तर्फबाट कार्य गर्न एक वा बढी निकाय मनोनयन गर्न सक्नेछन्। पक्षहरूद्वारा मनोनित निकायहरू सहित सबै सम्बन्धित निकायहरूले आवश्यकता अनुसार सम्बन्धित नियामक स्वीकृतिहरू प्राप्त गर्नुपर्नेछ।

३. सम्बन्धित निकाय (हरू) ले विद्युत खरिद-बिक्री सम्झौता (हरू) मा हस्ताक्षर गर्नेछन् र त्यसको महसुल प्रचलित नियामक संरचना अनुरुप तय गरिनेछ। यस्तो सम्झौता प्रत्येक स्वीकृत जलविद्युत उत्पादन केन्द्रका लागि तोकिएको मध्यम देखि दीर्घकालीन अवधिसम्मका लागि गर्न सकिनेछ, जसबाट विद्युत खरिद/बिक्रीको स्रोत प्राप्त हुनेछ।

४. तोकिएको अधिकारीद्वारा विद्युतको सीमापार आयात र निर्यातको स्वीकृति र सहजीकरणका लागि सम्बन्धित कानून र निर्देशिकाहरूमा उल्लेख गरिए अनुसार सम्बन्धित निकायहरूले कुनै पनि यस्तो विद्युत खरिद-बिक्री सम्झौताहरू कार्यान्वयन गर्नु अघि स्वीकृतिका लागि तोकिएको अधिकारी समक्ष आवेदन दिनेछन्।

५. दुवै पक्षले १० वर्षको समयावधिभित्र नेपालबाट भारततर्फ विद्युत निर्यातको परिमाण दश हजार मेगावाट पुऱ्याउन प्रयास गर्नेछन् र यसका लागि नेपालको जलविद्युत

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
कानून किताब व्यवस्था समिति
बबरमहल, काठमाडौं

२०८१।८।१२



नेपाल सरकार
कानून, न्याय, तथा
संसदीय मामिला मन्त्रालय
कानून किताब व्यवस्था समिति
देवेन्द्र बहादुर थापा
लेखा अधिकृत

मा. विराज भक्त श्रेष्ठ
मन्त्री

उत्पादन क्षेत्र र प्रसारण पूर्वाधारहरूमा पारस्परिक रूपमा लाभदायक लगानीलाई प्रोत्साहन गर्न आवश्यक सबै उपायहरू अवलम्बन गर्नेछन्।

६. यस सम्झौता अन्तर्गत द्विपक्षीय विद्युत व्यापारको समयावधिमा कुनै विस्तार वा परिमाणमा हुने कुनै पनि वृद्धिका लागि कुनै पनि पक्षबाट प्राप्त प्रस्तावका आधारमा र सीमापार प्रसारण पूर्वाधारहरूको क्षमताको अधीनमा रही ऊर्जा क्षेत्रमा नेपाल-भारत सहयोग सम्बन्धी संयुक्त निर्देशक समिति/संयुक्त कार्यदलद्वारा सहमति गरिनेछ।

७. ऊर्जा गणना (एकाउन्टिङ्ग), तालिका निर्धारण, पठाउने आदि र त्यसमा लाग्ने सम्बन्धित शुल्कहरू प्रचलित नियामक प्रावधानहरू बमोजिम हुनेछन्।

८. यो सम्झौता हस्ताक्षर भएको मितिदेखि लागू हुनेछ र पच्चीस वर्षको अवधिसम्म लागू रहनेछ र त्यसपछि यो सम्झौता खारेज गर्ने आफ्नो मनसायको बारेमा कुनै पनि पक्षले अर्को पक्षलाई छ महिना अगावै लिखित सूचना नदिएसम्म प्रत्येक दश वर्षमा स्वतः नवीकरण हुनेछ।

९. यस सम्झौताले पक्षहरूबीच विद्यमान द्विपक्षीय सम्झौताहरूका साथै पक्षहरुका अन्य देशहरूसँगका विद्यमान सम्झौताहरू अन्तर्गतका पक्षहरूको दायित्वलाई कुनै पनि हिसाबले असर गर्ने छैन।

१०. यस सम्झौताको व्याख्या र कार्यान्वयनमा कुनै मतभेद भएमा ऊर्जा क्षेत्रमा नेपाल-भारत सहयोग सम्बन्धी संयुक्त निर्देशक समिति/संयुक्त कार्यदलको बैठकहरूमा पक्षहरूबीच आपसी परामर्शद्वारा समाधान गरिनेछ।

११. पक्षहरूको आपसी सहमतिमा यस सम्झौतामा जुनसुकै वेला संशोधन (हरू) गर्न सकिनेछ।

नेपाल सरकार कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय कानून किताब व्यवस्था समिति बबरमहल, काठमाडौं

४ नेपाल सरकार
कानून, न्याय, तथा संसदीय मामिला मन्त्रालय
कानून किताब व्यवस्था समिति
देवेन्द्र बहादुर शाह
लेखा अधिकृत

मा. विराज भक्त श्रेष्ठ
मन्त्री

साक्षीहरुको उपस्थितिमा सम्बन्धित सरकारका अख्तियार प्राप्त अधिकारीहरुले देहाय बमोजिम यस सम्झौतामा हस्ताक्षर गरेका छन् ।

४ जनवरी २०२४ मा काठमाडौंमा अंग्रेजी भाषाका दुई सक्कल प्रतिहरूमा हस्ताक्षर गरियो।

| | |
|---|---|
| **नेपाल सरकारको तर्फबाट**<br><br>(हस्ताक्षर) | **गणतन्त्र भारत सरकारको तर्फबाट**<br><br>(हस्ताक्षर) |
| **श्री गोपाल प्रसाद सिग्देल**<br><br>**सचिव (ऊर्जा), ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय** | **श्री पंकज अग्रवाल**<br><br>**सचिव, विद्युत मन्त्रालय** |

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
कानून किताब व्यवस्था समिति
बबरमहल, काठमाडौं

नेपाल सरकार
कानून, न्याय तथा
संसदीय मामिला मन्त्रालय
कानून किताब व्यवस्था समिति

मा. विराज भक्त श्रेष्ठ
मन्त्री

# AGREEMENT
# BETWEEN
# THE GOVERNMENT OF NEPAL
# AND
# THE GOVERNMENT OF THE REPUBLIC OF INDIA
# ON
# LONG-TERM POWER TRADE

The Government of Nepal and the Government of the Republic of India (hereinafter referred to individually as the "**Party**" and collectively as the "**Parties**");

***Realizing*** the mutual benefits to both countries from trade in hydropower which is a clean, green and sustainable source of energy;

***Recalling*** the agreement concluded between the Parties on Electric Power Trade, Cross-Border Transmission Interconnection, and Grid Connectivity on 21 October 2014, which enables cooperation in the power sector, including developing transmission interconnections, grid connectivity, power exchange and trading through the government, public and private enterprises of the two countries on mutually acceptable terms;

***Acknowledging*** the applicable laws, procedures and guidelines of the two countries relating to cross border import and export of electricity;

***Appreciating*** the positive deliberations in the tenth meetings of the Joint Steering Committee/Joint Working Group on India-Nepal Cooperation in Power Sector held in India on 17-18 February, 2023 with regard to Nepal's proposal for Inter Government Agreement for power transfer from Nepal to India;

***Reinvigorating*** the commitments for net zero emissions expressed by both the countries during the COP 26 UN Climate Change Conference held in Glasgow in line with the Paris Agreement under the United Nations Framework Convention on Climate Change

And ***Recalling*** the Joint Vision statement on Power Sector Cooperation issued by the Prime Ministers of India and Nepal on 2 April, 2022 which emphasizes the aspirations of the two countries: to further strengthen mutually beneficial bilateral cooperation in the power sector including (a) joint



मा. विराज भक्त श्रेष्ठ
मन्त्री

development of power generation projects in Nepal, (b) development of cross-border transmission infrastructure, (c) bi-directional power trade with appropriate access to electricity markets in both countries based on mutual benefits, market demand and applicable domestic regulations of each country, (d) coordinated operation of the national grids and (e) institutional cooperation in sharing latest operational information, technology and know-how.

**HAVE AGREED AS FOLLOWS:**

1. The Parties shall:

   a) Take the necessary steps to encourage mutually-beneficial arrangements for long-term trade of power between Nepal and India.

   b) Further promote regional cross-border power trade by facilitating arrangements so as to ensure optimum utilization of existing, under-implementation and proposed cross-border transmission lines between the two countries.

   c) Encourage Indian and Nepali investment into all segments of Nepal's renewable power sector, in particular the hydropower sector.

   d) Expedite the development of cross-border interconnections between the two countries.

   In implementing this Agreement, both the parties shall abide by their applicable laws, regulations and procedures related to cross border trade in power.

2. Each Party may nominate an entity or entities to act on behalf of the respective Governments for import/export of power between the two countries under this Agreement. All concerned entity/entities including those nominated by the Parties shall obtain respective regulatory approvals as applicable.

3. The concerned entity/entities shall sign power purchase/sale agreement(s) and the tariffs for the same shall be arrived at as per applicable regulatory framework. Such an agreement may be entered into for a specified medium to long-term duration, in respect of each approved hydropower generating station for the duration from which power is to be sourced for sale/purchase.

4. As specified in the concerned laws and guidelines for approval and facilitating cross border import and export of electricity by the Designated Authority, the concerned entities will apply for approval of



मा. विराज भक्त श्रेष्ठ
मन्त्री

Designated Authority before any such power purchase/sale agreements are executed by the concerned entities.

5. Both Parties shall strive to increase the quantum of export of power from Nepal to India to Ten Thousand Megawatt (10,000 MW) within a timeframe of ten years and towards this end take all necessary measures to encourage mutually-beneficial investments in Nepal's hydropower generation sector and transmission infrastructures.

6. Any extension in the timeframe or any increase in the quantum of bilateral power trade under this Agreement based on proposals from either side and subject to the capacity of the cross-border transmission infrastructures shall be considered by the Joint Steering Committee/ Joint Working Group on India-Nepal Cooperation in the Power Sector.

7. The Energy Accounting, Scheduling, Dispatch etc. and pertinent Charges therein shall be in line with the regulatory provisions, as applicable.

8. This Agreement shall enter into force upon signature and shall remain in force for a period of twenty-five years, and shall be automatically renewed thereafter every ten years, unless either Party gives the other Party a written notice six months in advance of its intention to terminate this Agreement.

9. This Agreement shall not affect, in any way, the obligations of the Parties under existing bilateral agreements between the Parties as well as their existing agreements with other countries.

10. Any divergence in the interpretation and implementation of this Agreement will be settled through mutual consultations between the Parties in the meetings of the Joint Steering Committee/ Joint Working Group on India-Nepal Cooperation in the Power Sector.

11. Amendment(s) to this Agreement can be made anytime by mutual consent of the Parties.

IN WITNESS WHEREOF, the undersigned being duly authorized thereto by their respective Governments, have signed this Agreement.

मा. विराज भक्त श्रेष्ठ
मन्त्री

Signed at Kathmandu on 04 January 2024 in two originals in English.

| | |
|---|---|
| On behalf of the<br>**GOVERNMENT OF NEPAL** | On behalf of the<br>**GOVERNMENT OF THE REPUBLIC OF INDIA** |
| Mr. Gopal Prasad Sigdel<br>Secretary (Energy), Ministry of Energy, Water Resources & Irrigation | Shri Pankaj Agarwal<br>Secretary, Ministry of Power |

मा. विराज भक्त श्रेष्ठ
मन्त्री